# नेपाल गजेट

## भाग १

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड ५ ] काठमाडौं। माघ १५ गते २०१२ साल [ अतिरिक्ताङ्क

### मन्त्रिमण्डल गठन भएबारेमा श्री ५ महाराजाधिराजबाट बक्सेको

## शाही घोषणा

आफ्ना प्यारा प्रजाहरूके यथोचित,

संवत् २०११ साल फाल्गुन १६ गते रोज ४ को शाही घोषणादेखि यता देशमा घटेका ; घटनाहरू र मन्त्रिमण्डल गठन गरी देशलाई सुहाउँदो प्रजातान्त्रिक सरकार गठन गर्न। समय समयमा हामीबाट गरिएका प्रयत्नहरू सबैलाई विदित भएकै कुरा हो। बितेका केही महिनामा देशोन्नति र प्रजाहरूको भलाइको लागि के कति काम हुनसक्यो सकेन, सो पनि जनताको नै बकाडि छ।

गत दश एघार महिनामा भएको देशोत्थानको काममा नियुक्त भएका रोयल आडभाइजरहरू तथा सरकारी कर्मचारीहरूबाट पाएको सहयोगको निमित्त धन्यवाद हामी व्यक्त गर्दछौं र उक्त रोयल आडभाइजरी आजदेखि अन्त गरी २८

यस बखतको परीस्थितिमा हाम्रो महान् इच्छा.को विरुद्ध शासनको अभिभारा अहिलेसम्म स्वयम ग्रहण गर्नुपरे तापनि प्रजातान्त्रिक पद्धतिमा सदैवको हाम्रो दृढ विश्वास कायमै रहेकोले राजनैतिक पार्टीहरूसितको वार्तामा हाम्रो मातृभूमिको अवस्थानुसार देशोन्नति गर्न सक्ने सुहाउँदो संयुक्त मन्त्रिमण्डल गठन गर्ने प्रयत्न विफल भएकोले ।

र मौजुदा परिस्थितिलाई कायम राख्ने हाम्रो इच्छा नभएकोले ,

प्रजातान्त्रिक प्रणालीलाई नै ध्यानमा राखी मातृभूमिको राजनैतिक वाता-वरण राम्रो होस् र शासनव्यवस्था प्रजातान्त्रिक ढंगले चलोस् भन्ने अभिप्रायले नेपाल प्रजापरिषद्का श्री टंकप्रसाद आचार्यको नेतृत्वमा देहायमा लेखिएका व्यक्ति-हरु र स्वतन्त्र व्यक्तिहरूसमेत लिई यो मन्त्रिमण्डल गठन गरिएको छ ।

| | | |
|---|---|---|
| १. | श्री टंकप्रसाद आचार्य | प्रधान मन्त्री |
| २. | श्री बालचन्द्र शर्मा | मन्त्री |
| ३. | श्री चूडाप्रसाद शर्मा | ऐ |
| ४. | श्री पशुपतिनाथ घोष | ऐ |
| ५. | श्री स. गुञ्जमानसिंह | ऐ |
| ६. | श्री डा. पुरेन्द्र विक्रम शाह | ऐ |
| ७. | श्री अनिरुद्धप्रसादसिंह | ऐ |

माथि उल्लेख गरिएका मन्त्रीहरू हाम्रा इच्छानुसार आफ आफ्नो ओहदामा रही बहाल रहनेछन् र संयुक्तरूपमा देश, जनता र हाम्रा प्रति वफादारीका साथ जिम्मेदार रहनेछन् ।

जुनसुकै सरकार पनि, विशेष गरी प्रजातान्त्रिक सरकार सबै देशवासीको सहयोग र शुभेच्छाले मात्र चल्ने भएकोले सर्वसाधारण जनता, मंत्री तथा निजामती

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराउनु होला

यसले अहिले गठन भएको सरकारलाई पनि पूर्णतया सहयोग दिई देशनिर्माणको काममा सबैले मद्दत गर्नेछन् भन्ने हामीबाट आशा र विश्वास गरिएको छ।

यो जनसेवाको महान् कार्य सफल गराउनमा श्री पशुपतिनाथले हामी सबै-लाई आवश्यक शक्ति प्रदान गरून्, जय नेपाल।

माघ १३—२०१२।

आज्ञाले—

चन्द्रबहादुर थापा

प्रमुख सेक्रेटरी- नेपाल सरकार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।